आज मिति २०७८ श्रावण ५ गते प्रमुख जिल्ला अधिकारी श्री मनमाँया भट्टराई पंगेनीको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को वैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

प्र.जि.अ. श्री मनमाँया भट्टराई पंगेनी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख श्री चेसराम आले,जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

स.प्र.जि.अ. श्री मोहन बहादुर थापा, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख सेनानी श्री शारदा भक्त माटांगुलु, श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण, नवलपरासी (व.सु.पू.)

प्र.उ. श्री प्रकाश मल्ल, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (व.सु.पू.)

उप.अनु.नि.श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जि.का.न.प.(व.सु.पू.)

जि.स.अ. श्री देवी प्रसाद आचार्य, जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय, नवलपरासी (व.सु.पू.)

स.प्र.नि. श्री कृष्ण प्रसाद अर्याल, स.प्र.वल नेपाल नं. ३१ गुल्म न.प. (ब.सु.पू.)

मे.सु. डा. वीर बहादुर थापा, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

प्र.अ. श्री आनन्द शर्मा भुसाल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

डा. शिवराज न्यौपाने, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

अध्यक्ष श्री कमल नारायण श्रेष्ठ नेपाल औषधि व्यवसाय संघ, नवलपरासी (व.सु.पू.)

सभापति श्री मदनभक्त अधिकारी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा न.प.(व.सु.पू.)

क.अ. श्री तारा देवी अर्याल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.स.प.)

**निर्णय नं. १:**

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०३।२५ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। जिल्लामा मिति २०७८ बैशाखको सुरुदेखि हालसम्म कोभिड-१९ का जम्मा संक्रमित ५५०७ जना, निको हुने ४८८३ जना, मृत्यु हुने १०२ जना र हाल सक्रिय संक्रमितको संख्या ५२२ जना मध्ये अस्पतालमा हाल उपचाररत २२ र होम आइसोलेसनमा ५०० जना रहेको। कुल संक्रमितको ९.४५% हाल सक्रिय संक्रमित रहेको, १.८५% मृत्यु भएका, ८८.६६% निको भएका। सक्रिय संक्रमित मध्ये ४.२% अस्पतालमा उपचाररत रहेका र ९५.८% होम आइसोलेसनमा सामान्य अवस्थामा रहेका। जिल्लामा कोरोनाको संक्रमण जोखिम कायमै रहेको महसुस गरियो।

**निर्णय नं. २ :**

विश्वव्यापी रुपमा फैलिएको नया भेरियन्ट सहितको कोभिड-१९ को जोखिम कायमै रहेको हुँदा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि शुरु भई मिति २०७८।०४।०६ गते बुधवार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी भएकोमा संक्रमणको जोखिम कायमै रहेकोले सो निषेधाज्ञालाई निरन्तरता दिई मिति २०७८।०४।०६ गते बुधवार रातको १२:०० बजे देखि मिति २०७८।०४।२१ गते बिहिवार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :**

गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. २१ मिति २०७८।०४।०३ को खोप केन्द्रलाई व्यवस्थित गराउने सम्बन्धमा लेखिएको पत्रको व्यहोरा बैठकमा जानकारी भयो। उक्त पत्रमा उल्लेख भई आए बमोजिम खोप कार्यक्रम सञ्चालन गर्ने/गराउने तथा खोप केन्द्रमा स्थानीय जनप्रतिनिधिको अनिवार्य उपस्थितिको लागि स्थानीय तहहरुलाई समेत अनुरोध गर्ने निर्णय गरियो।

